**नेपाल-चीन साँस्कृतिक तथा शैक्षिक परिषद्**

**尼中国文化教育协会**

**Nepal-China Cultural & Educational Council**

**Reg No. 1177-065/066**

Nepal China Cultural & Educational Council
2009

# काठमाण्डूमा चिनियाँ उच्च शैक्षिक प्रदर्शनी

## प्रेस विज्ञप्ति

नेपाल र चीनबीच ऐतिहासिक कालदेखि नै प्रगाढ सम्बन्ध रहँदै आएको छ । चीनका महान भिक्षु महामञ्जुश्री, फास्यान र स्वान चाङको काठमाण्डू र लुम्बिनीको धार्मिक तथा सांस्कृतिक भ्रमण, नेपाली राजकुमारी भृकुटी र कलाकार अरनिकोको चीनको राजधानी पैचिङ लगायतका विभिन्न क्षेत्रहरूको भ्रमण र तत्कालिन तिब्बती राजकुमारसँग राजकुमारी भृकुटीको वैवाहिक सम्बन्धले जोडिएको हामी दुई देशबीचको सम्बन्ध दिनानुदिन अझ बलियो, सुमधुर र घनिष्ठ हुँदै गएको छ ।

सन् १९५५ अगस्त १ का दिन दुई मुलुकबीच कुटनीतिक सम्बन्ध स्थापना भएपछि हामीबीचको परम्परागत सम्बन्ध आधुनिक सम्बन्धमा रूपान्तरण भएको छ । कुटनीतिक सम्बन्ध स्थापना भएको झण्डै सात दशकको अवधिमा दुबै देशका उच्च नेताहरूको एकअर्का देशमा नियमित रूपमा भइरहेको भ्रमणले आपसी हितका विविध विषयहरूलाई उजागर गर्दै सहयोगका क्षेत्रहरू अझ व्यापक बनाउने कार्य हुँदै आएको छ । सन् १९७९ मा चीनका वरिष्ठ नेता तङ स्याओफिङको नेतृत्वमा चीनको ढोका विश्वका लागि खुलेपछि खुलापनको ४५ वर्षको अवधिमा चीनले चौतर्फी रूपमा हासिल गरेका उपलब्धिहरूलाई एक असल छिमेकीको नाताले नेपालले नजिकबाट नियालिरहेको छ भने पछिल्ला दिनहरूमा नेपाल र चीनबीचको सम्बन्धलाई जनस्तरसम्म अभिवृद्धि गर्न विभिन्न प्रयासहरू भइरहेका छन् । नेपालको भौतिक पूर्वाधार विकासमा महत्त्वपूर्ण सहयोग गर्दै आएको चीनले नेपालको शैक्षिक तथा प्राविधिक क्षेत्रको विकासमा पनि अहं भूमिका निर्वाह गर्दै आएको छ । विश्वको दोश्रो ठूलो अर्थतन्त्र र उदाउँदो आर्थिक महाशक्तिको हैसियतले पनि पछिल्लो समयमा चीनलाई बुझ्न खोज्ने र चीनमा विभिन्न विषयमा प्राविधिक शिक्षा अध्ययन गर्न जाने नेपाली विद्यार्थीहरूको संख्या पनि बढिरहेको छ ।

त्यसैगरी विशिष्ठ नेपाली संस्कृतिको अध्ययन र नेपालका विश्व प्रशिद्ध पर्यटकीय क्षेत्रको भ्रमणमा आउने चिनियाँहरूको संख्या पनि दिनानुदिन बढिरहेको छ । यसरी हेर्दा यी दुवै मुलुकहरूबीच विगत केही वर्षदेखि जनस्तरको सम्बन्ध अझ हराभरा र विकसित हुँदै आएको पाइन्छ । दशकौंदेखि चीनलाई नेपाली माझ चिनाउने र नेपाललाई चिनियाँहरू माझ परिचित गराउने उद्देश्यले समय

समयमा एक अर्का देशमा सांस्कृतिक तथा शैक्षिक प्रदर्शनीहरू हुँदै आएका छन् भने यस्ता प्रदर्शनीहरूमा सर्वसाधारणले गहिरो रुची राख्ने गरेका छन् ।

नेपाल चीन सांस्कृतिक तथा शैक्षिक परिषद् जनवादी गणतन्त्र चीनबाट विभिन्न विषयमा स्नातक गरेका नेपाली विद्वान र पेशाकर्मीहरूको मैत्री संस्था हो । चीन छात्रवृत्ति परिषद्, जनवादी गणतन्त्र चीनको शिक्षा मन्त्रालय, नेपालस्थित चिनियाँ राजदूतावासको सहयोगमा नेपाल चीन सांस्कृतिक तथा शैक्षिक परिषद्ले डेढ दशकभन्दा लामो समयदेखि चिनियाँ शैक्षिक मेला सफलतापूर्वक आयोजना गर्दै आएको छ । पहिलो चिनियाँ शैक्षिक प्रदर्शनी सन् २००३ मा आयोजना गरिएपछि प्रत्येक वर्ष प्रदर्शनीमा सहभागी हुनेहरूको संख्या बढ्दै गइरहेको छ भने चीनमा अध्ययन गर्न जाने नेपाली विद्यार्थीहरूको संख्या पनि बढिरहेको छ । चीनमा अध्ययन गरी फर्किएका दक्ष तथा उच्चस्तरीय जनशक्तिले विभिन्न क्षेत्रमा काम गर्दै राष्ट्र निर्माणमा ठूलो योगदान पुऱ्याइरहेका छन् । पछिल्लो जानकारीअनुसार चीनमा १६० वटा देशका ५ लाख विद्यार्थीहरू विभिन्न विषयमा अध्ययनरत छन् । प्रत्येक वर्ष चीन सरकारले नेपाल सरकारलाई विभिन्न विषयमा २०० वटा भन्दा बढी छात्रवृत्ति प्रदान गर्दै आएको छ । पछिल्ला दिनमा सरकारी छात्रवृत्ति विद्यार्थी बाहेक सेल्फ फाइनान्सका विद्यार्थीको संख्या दिनप्रतिदिन बढ्दै गएको छ । यसैलाई मध्यनजर गर्दै हरेक वर्ष यस्तो प्रदर्शनी आयोजना गर्दै आएको छ । यस किसिमको शैक्षिक प्रदर्शनीबाट नेपाली विद्यार्थीले चिनियाँ शिक्षाको बारेमा मात्रै नभई आगामी दिनमा हाम्रो मैत्रीपूर्ण सम्बन्ध थप मजबुत हुने विश्वास लिएका छौं ।

यसै सन्दर्भमा असल छिमेकी चीन र त्यहाँको उच्चस्तरको शैक्षिक अवस्थाबारे नेपाली विद्यार्थी र उनीहरूका अभिभावकहरूलाई जानकारी गराउने उद्देश्यले नेपालस्थित चिनियाँ राजदूतावाससँगको सहकार्यमा नेपाल चीन सांस्कृतिक तथा शैक्षिक परिषद्ले काठमाण्डूको बौद्धस्थित होटल हायातमा यहि २०८१ साल असार ४ गते मंगलबार एक दिने चिनियाँ उच्च शैक्षिक प्रदर्शनीको आयोजना गर्दैछ । यस शैक्षिक प्रदर्शनीमा इन्जिनियरिङ, चिकित्साशास्त्र, भाषा, संस्कृति, वाणिज्य, विज्ञान तथा प्रविधि, उड्डयन, खेलकुद, कृषि, औषधिजस्ता विषय अध्यापन गराउने सामान्य तथा विश्व प्रसिद्ध ३१ वटा चिनियाँ विश्वविद्यालय तथा कलेजहरूले भाग लिने छन् ।

नेपाल-चीन साँस्कृतिक तथा शैक्षिक परिषद्
尼中国文化教育协会
Nepal-China Cultural & Educational Council
Reg No. 1177-065/066

यस शैक्षिक प्रदर्शनीमा चीनका विभिन्न शहरहरूमा रहेका चीन र विश्वमै अब्बल ठहरिएका ३१ वटै विश्व विद्यालयका स्टलहरू रहने छन् । ती प्रत्येक स्टलहरूमा नेपाली विद्यार्थी र तिनका अभिभावकहरूलाई विस्तृत रुपमा चीनमा अध्ययन गर्दा हुने फाइदा, विश्व विद्यालयले उपलब्ध गराउने छात्रवृत्ति लगायतका विभिन्न विषयहरूमा विज्ञहरूले जानकारी दिनुहुनेछ । असार ४ गते मंगलबार बिहान ९:३० बजे माननीय उपप्रधान तथा परराष्ट्रमन्त्री नारायणकाजी श्रेष्ठ र नेपालका लागि महामहिम चिनियाँ राजदूत छन् सोङले संयुक्त रूपमा उद्घाटन गर्नुहुने सो समारोहमा नेपाल सरकारका उच्च पदस्थ अधिकारीहरू, नेपालस्थित चिनियाँ राजदूतावासका उच्च अधिकारीहरू, शिक्षाविद्, विभिन्न विश्व विद्यालयका उच्च अधिकारीहरू लगायतको उपस्थिति रहने छ ।

निःशुल्क प्रवेशको व्यवस्था मिलाइएको सो शैक्षिक प्रदर्शनीमा सहभागी भइ आफ्ना छोराछोरीहरूको उच्च शिक्षाका बारेमा आवश्यक परामर्श लिन हामी अभिभावकहरूसँग अनुरोध गर्दछौं । साथै विद्यार्थी स्वयं सो प्रदर्शनीमा सहभागी भइ आवश्यक जानकारी लिउन् भन्ने हाम्रो उद्देश्य हो । सो शैक्षिक प्रदर्शनी भव्य रूपमा सम्पन्न गर्न यहाँ उपस्थित हुनुभएका विभिन्न सञ्चार माध्यमका साथीहरूले सक्दो प्रचारप्रसार गरी सहयोग गरिदिनहुन हार्दिक अनुरोध गर्दछौं ।

धन्यवाद ।

........................

डा. हरिश्चन्द्र साह

अध्यक्ष

नेपाल-चीन सांस्कृतिक तथा शैक्षिक परिषद् ।

९८५१०४२५३३

**२०८१/०३/०२ काठमाण्डू ।**